# उच्च अदालत पाटन

वर्ष १ अङ्क ३ इ-बुलेटिन भाद्र २०८१


## गतिविधि

### वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

मिति २०८०।०४।११मा उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौंडा इजलास र मातहत जिल्ला अदालतहरूको आ.व. २०८०/०८१को वार्षिक कार्ययोजनाको कार्यान्वयनको अवस्थाको समीक्षा कार्यक्रम सम्पन्न भयो।कार्यक्रममा प्रमुख अतिथि सर्वोच्च अदालतका बरिष्ठतम् माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतले पानसमा दीप प्रज्वलन गरी सो कार्यक्रमको समुदघाटन गर्नु भएको थियो।कार्यक्रममा विशेष अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ हुनुहुन्थ्यो।सो कार्यक्रममा उच्च अदालत पाटन,उच्च अदालत



पाटन हेटौंडा इजलास र मातहतका जिल्ला अदालतहरूको मुद्दाहरूको लगत, फछ्र्यौट र बाँकी अवस्था, पुराना मुद्दाहरूको फछ्र्यौटको अवस्था तथा अदालतको कार्ययोजना बमोजिमको व्यवस्थापकीय क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको बारेमा विस्तृत छलफल भएको थियो।उक्त कार्यक्रममा पुराना मुद्दाको बक्यौता न्यूनीकरण गर्ने र न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउँने सम्बन्धमा समेत विस्तृत छलफल भएको थियो।सो कार्यक्रममा प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतले गत आर्थिक वर्षको वार्षिक कार्ययोजनाले लिएको लक्ष्य अनुरुप नै धेरै अदालतहरूले प्रगति हासिल गरेको र पुराना मुद्दाको वक्यौता न्यूनीकरणमा सबै अदालतहरूले उल्लेख्य सफलता हासिल गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरूमा समेत न्यायिक कामकारवाहीमा शीघ्रता आउने, फरक मुद्दा व्यवस्थापन पद्धति DCM को प्रभावकारी कार्यान्वयन हुने र १८

महिना नाँघेका मुद्दाहरूको संख्या शून्य हुने गरी कार्य सम्पादन गर्नका निर्देशन दिनु भएको थियो। विशेष अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठलेमुद्दा फछ्र्यौटमा प्रभावकारिता ल्याउनका लागि मुद्दा व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने बताउँदै योजनाबद्ध रुपमा कार्य सम्पादन गर्न आग्रह गर्नु भएको थियो।

उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री लाल बहादुर कुँवरले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्नु भएको थियो। उक्त उक्त कार्यक्रममा उपस्थित रहनुभएका सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकालले छलफलमा उठेका प्रशासनिक एवम् व्यवस्थापकीय विषयमा स्पष्ट पार्नु भएको थियो।

सो समीक्षा कार्यक्रममा उच्च अदालत पाटन हेटौंडा इजलासमा मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री यमुना भट्टराई र काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री कमल पोखरेलले समेत मन्तव्य राख्नु भएको थियो। सो कार्यक्रममा उच्च अदालत पाटनका रजिष्ट्रार श्री मान बहादुर कार्कीले उच्च अदालत पाटन,उच्च अदालत पाटनहेटौंडा इजलास र मातहतका सबै अदालतको कार्य सम्पादनको अवस्थाका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो। उच्च अदालत पाटनको सभाहलमा सम्पन्न भएको सो कार्यक्रमको सञ्चालन उच्च अदालत पाटनका इजलास अधिकृत श्री एकता पौडेलले गर्नु भएको थियो।

## सर्वाधिक मुद्दा फछ्र्यौट गर्ने न्यायाधीशहरू सम्मानीत

उच्च अदालत पाटनमा मिति २०८०।०४।११मा सम्पन्न भएको वार्षिक समीक्षा कार्यक्रमको अवसरमाउच्च अदालत पाटन र उच्च अदालत पाटनहेटौडा इजलास मध्येबाटआ.व. २०८०।०८१ मा सर्वाधिक मुद्दा फछ्र्यौट गर्ने उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डे र मातहतका जिल्ला अदालतहरु मध्येबाट ललितपुर जिल्ला अदालतका माननीय न्यायाधीश श्री रीता कुमारी बखेललाई कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका बरिष्ठतम् माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतले दोसल्ला र प्रशंसा पत्रसहित सम्मान गर्नु भयो। माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डेले गत आर्थिक वर्षमा २५७ कार्यदिनमा १४७४ मुद्दाको फैसला गर्नु भएको थियो भने माननीय न्यायाधीश श्री रिताकुमारी बखेलले गत आर्थिक वर्षमा काभ्रेपलाञ्चोक जिल्ला अदालतमा ७२ कार्यदिनमा १२३ थान र ललितपुर जिल्ला अदालतमा १८५ कार्यदिनमा ११२१ गरी गत आर्थिक वर्षमा १२४४ थान मुद्दा फछ्र्यौट गर्नु भएको थियो।



(माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डे  सम्मानपत्र ग्रहण गर्नुहुँदै)



(माननीय न्यायाधीश श्री रिताकुमारी बखेल सम्मानपत्र ग्रहण गर्नुहुदै)

## आन्तरिक वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

उच्च अदालत पाटनले गत आ.व. २०८०/०८१ को वार्षिक कार्ययोजना बमोजिमको उपलव्धि सम्बन्धमा मिति २०८१।४।४ र २०८१।४।६ गते उच्च अदालत पाटनका अधिकृत तथा कर्मचारीहरुको सहभागितामा आन्तरिक समीक्षा कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रममा उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाले आ.व. २०८०/०८१ पुराना मुद्दाको बक्यौता उल्लेख्यरुपमा घटाउन र लक्ष्यअनुरुप मुद्दाको फछ्र्यौट गर्न सहयोग पुर्याउने सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिनुभएको थियो। उक्त कार्यक्रममा गत आ.ब.मा सबैभन्दा बढी फैसलाको मस्यौदा तयार गर्ने इजलास अधिकृत श्री रिता लामिछाने र सवैभन्दा बढी मुद्दा फछ्र्यौट भएका मुद्दा शाखाहरूमा रिट शाखा र मुद्दा फाँट २ का सुपरिवेक्षकहरू क्रमशः श्री रुद्रप्रसाद सापकोटा र श्री भुवनप्रसाद घिमिरेसहित सो शाखामा कार्यरत कर्मचारीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा उच्च अदालत पाटनका रजिष्ट्रार श्री मान बहादुर कार्कीले आगामी आर्थिक वर्षका लागि वार्षिक कार्ययोजनामा समावेश गर्नु पर्ने विषयहरुका बारेमा सहभागीहरुबाट सुझाव संकलन गर्दै थप प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सहभागीहरुलाई आग्रह गर्नु भएको थियो।

## कारागार प्रशासनसँग समीक्षा बैठक सम्पन्न

मिति २०८१।४।७ मा उच्च अदालत पाटनबाट कारागार निरीक्षणको क्रममा दिइएको निर्देशनको कार्यान्वयनका बारेमा समीक्षा बैठक सम्पन्न भयो। उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलासहित उपत्यकाका कारागार निरीक्षण गर्नुहुने न्यायाधीशहरू एवम् कारागार व्यवस्थापन विभागका महानिर्देशकसहित उपत्यकास्थित कारागारका प्रमुखहरू सहभागी रहनु भएको सो बैठकमा कारागार व्यवस्थापनका विभिन्न विषयमा छलफल भएको थियो। सो क्रममा कारागार प्रमुखहरुले निरीक्षणको क्रममा दिइएको निर्देशनको कार्यान्वयनको विवरण प्रस्तुत गर्नु भएको थियो। सो बैठकमा कारागारमा रहेका कैदी बन्दीहरुलाई प्रदान गरिने कानूनी सहायता र वैतनिक वकीलको सेवालाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो। त्यसैगरी प्यारोल सुविधाको कार्यान्वयनको अवस्था, आजीवन कारावास कैद तोकिएका कैदीबन्दीको संख्यामा भएको वृद्धिले पारेको प्रभाव, ज्येष्ठ नागरिक कैदीले पाउने सुविधा/सहुलियतका विषयमा छलफल भएको थियो। छलफल पछि कारागार प्रमुखहरुले त्रैमासिक रुपमा अदालतबाट भएको निर्देशनको कार्यान्वयनको बारेमा अदालतमा विवरण प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।



## आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजना पारित

न्यायपालिकाको पाचौं पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा उच्च अदालत पाटनले आ.व. २०८१/०८२ को लागि अनुमानित मुद्दाको जम्मा लगत, फछ्र्यौटको लक्ष्य तथा अन्य व्यवस्थापकीय क्रियाकलापको लक्ष्यसहितको वार्षिक कार्ययोजना बनाएको छ। अदालतमा कार्यरत कर्मचारीहरू, न्यायाधीशहरू, सरकारी वकिल एवम् उच्च अदालत बार एशोसिएशन पाटनका पदाधिकारी तथा सरोकारवालाहरूसँगको छलफल तथा अन्तर्क्रिया गरी तयार भएको वार्षिक कार्ययोजनाको मस्यौदालाई उच्च अदालत पाटनको मिति २०८१।०४।१५ को पूर्ण वैठकले पारित गरेको थियो। उक्त कार्ययोजनामा आ.व. २०८१/०८२ को लागि जिम्मेवारी सरेका मुद्दा ५१६३ र नयाँ दर्ता अनुमान१२०३६ गरी जम्मा अनुमानित लगत १७१८९ रहेको छ। उक्त अनुमानित लगतको ६५.८७% अर्थात

११३२३ थान मुद्दा फछ्र्यौटको लक्ष्य लिइएको छ। मुद्दाको मासिक एवम् फछ्र्यौट लक्ष्य तालिका १ मा र व्यवस्थापकीय क्रियाकलाहरुको लक्ष्यलाई तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका १:आ.व. २०८१/०८२ मा मुद्दाको वार्षिक फछ्र्यौट लक्ष्य**

| महिना | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यदिन | १८ | २३ | १२ | २१ | २४ | २३ | २३ | २१ | २६ | २४ | २५ | २५ | २६५ |
| **लक्ष्य** | ७६८ | ९८२ | ५१३ | ८९८ | १०२६ | ९८२ | ९८३ | ८९७ | १११२ | १०२६ | १०६८ | १०६७ | ११३२३ |

**तालिका २: व्यवस्थापकीय क्रियाकलापहरू**

| सि.नं. | कार्य | लक्ष्य (पटक वा संख्या) | पहिलोचौमासिक | दोस्रोचौमासिक | तेस्रोचौमासिक |
|---|---|---|---|---|---|
| | | | साउनदेखि कात्तिकसम्म | मंसिरदेखि फागुनसम्म | चैत्रदेखि असारसम्म |
| १ | सेवाको गुणस्तर सम्बन्धी मुद्दाका पक्षहरूसँगको परामर्श बैठक | ६ | २ | २ | २ |
| २ | Judicial Outreach कार्यक्रम संचालन | ३ | १ | १ | १ |
| ३ | न्यायाधीशसँग सेवाग्राहीको अन्तरक्रिया (Meet the Judge कार्यक्रम संचालन) | ४ | १ | २ | १ |
| ४ | योजना कार्यान्वयन सम्बन्धी समीक्षा मातहतका अदालतसहितको समीक्षा | २ | | १ | १ |
| ५ | योजना कार्यान्वयन सम्बन्धी आन्तरिक समीक्षा | १२ | ४ | ४ | ४ |
| ६ | फरक मुद्दा व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यक्रम | ६ | २ | २ | २ |
| ७ | फरक मुद्दा व्यवस्थापन सम्बन्धमा मातहतका अदालतसहितको कार्यक्रम | ३ | १ | १ | २ |
| ८ | रिट आदेशको कार्यान्वियनसम्वन्धी अभिमुखीकरण कार्यक्रम | १ | १ | | |
| ९ | रिटआदेशको कार्यान्वयनसम्वन्धी अन्तर्क्रिया | १ | | १ | |
| १० | योजनाकार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया | २ | १ | १ | |
| ११ | वैतनिक कानून व्यवसायीबाट कारागार भ्रमण | २४ | ८ | ८ | ८ |
| १२ | मेलमिलाप सम्बन्धी कार्यक्रम | १ | १ | | |
| १३ | तामेलदारर स्थानीय तहबीचको अन्तरक्रिया | १ | १ | | |
| १४ | सडाउनुपर्ने कागजातहरू सडाएको मिसिल संख्या | | | | |
| १५ | न्याय क्षेत्र समन्वय समितिको बैठक | ३ | १ | १ | १ |
| १६ | बार र बेञ्चबीचको अन्तरक्रिया | ३ | १ | १ | १ |
| १७ | सञ्चारकर्मी /नागरिक समाजवीचको अन्तरक्रिया | ३ | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | टिपोट तालिम | ३ | १ | १ | १ |
| १९ | फैसला लेखन सम्बन्धी तालीम | ३ | १ | १ | १ |
| २० | कर्मचारीसँगको बैठक | १२ | ४ | ४ | ४ |
| २१ | सबैन्यायाधीश र इजलास अधिकृतवीच छलफल | २ | १ | १ | |
| २२ | सम्बन्धित न्यायाधीश र इजलास अधिकृतबीच छलफल | १२ | ४ | ४ | ४ |
| २३ | नयाँकानून सम्बन्धी पुनर्ताजगी तालिम | १ | १ | | |
| २४ | मातहतका स्रेस्तेदारहरू र सुपरिवेक्षकसँगको छलफल कार्यक्रम | २ | १ | | १ |
| २५ | न्यायाधीश र सरकारी वकील संवाद | २ | १ | १ | |
| २६ | स्वास्थ्य शिविर सञ्चालन | ३ | १ | १ | १ |
| २७ | अदालतका कर्मचारीहरूको आचार संहिता सम्बन्धी अभिमुखीकरण | ३ | १ | १ | १ |
| २८ | कारागार व्यवस्थापन विभाग र कारागार प्रमुखहरूसँग छलफल | २ | १ | | १ |
| २९ | कार्य सम्पादनसँग सम्बन्धित विषयमा विज्ञहरूसँग छलफल | ३ | १ | १ | १ |
| ३० | क्षमता विकासका लागि छलफल श्रृंखला | १२ | ४ | ४ | ४ |
| ३१ | अपराध अनुसन्धान गर्ने निकायका प्रमुखहरूसँगको छलफल | २ | | १ | १ |
| ३२ | इ-बुलेटिन प्रकाशन | १२ | ४ | ४ | ४ |
| ३३ | फैसला संग्रह प्रकाशन | १ | १ | | |
| ३४ | उच्च अदालत पाटन र मातहतका जिल्लाका सम्बन्धित बार अध्यक्षसँग अन्तरक्रिया | १ | १ | | |

## बेञ्च, बार र सरकारी वकीलबीच छलफल

मिति २०८१।४।१४ मा उच्च अदालत पाटनको गत आ.व.को कार्ययोजना बमोजिम हासिल भएका उपलव्धिको समीक्षा एवम् आ.व. २०८१/०८२ को नयाँ वार्षिक कार्ययोजनाको तर्जूमासम्वन्धमा बेञ्च, बार र सरकारी वकीलहरुबीचअन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त अन्तरक्रिया कार्यक्रममा उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौला र माननीय न्यायाधीशहरू, रजिष्ट्रार श्री मान बहादुर कार्की एवम् उच्च सरकारी वकील कार्यालय पाटनका सहन्यायाधिवक्ता श्री शंकर खत्री र विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता श्री मोहनसागर बस्याल र दुवै कार्यालयका उपन्यायाधिवक्ताहरू तथा उच्च अदालत बार एशोसिएसन पाटनका अध्यक्ष अधिवक्ता श्री शान्तिराम खतिवडासहितका बार पदाधिकारीहरूको सहभागिता रहेको थियो। सो छलफल कार्यक्रममा उच्च अदालतको मुद्दा व्यवस्थापन एवम् न्यायिक काम कारवाही तथा अदालतको व्यवस्थापकीय पक्षका बारेमा सरकारी वकील र बार पदाधिकारीहरुले धारणा राखु भएको थियो। खास गरी पुराना मुद्दामा पेशी स्थगन नगर्नका लागि बार एकाइ र सरकारी वकील कार्यालयबाट प्रतिवद्धता व्यक्त भएको थियो भने गत आर्थिक वर्षमा पुराना

मुद्दाको वक्यौता न्यूनीकरणमा गरेको सहयोग प्रति अदालत परिवारको तर्फबाट माननीय मुख्य न्यायाधीशले सरकारी वकिल तथा बार एशोसिएशनलाई धन्यवाद दिनु भएको थियो।

### आँखा शिविर सञ्चालन

उच्च अदालत पाटनको आग्रहमा तिलगंगा आँखा अस्पतालले मिति २०८१।०४।०७ मा उच्च अदालत पाटनमा नि:शुल्क आँखा शिविर संचालन भयो। उक्त शिविरमा उच्च अदालत पाटनमा कार्यरत न्यायाधीशहरू, कर्मचारीहरू र सुरक्षाकर्मीहरू गरी करिव २५० जनाले आँखा जाँच प्रक्रियामा सहभागिता जनाउनु भएको थियो। सो अवसरमा उच्च अदालतका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलासँग तिलगंगा आँखा अस्पतालका प्रमुख सञ्चालन अधिकृत (चिफ अपरेटिङ अफिसर) श्री पिताम्वर अधिकारीका बीच छलफल भएको थियो। सो छलफलमा प्रमुख सञ्चालन अधिकृत श्री अधिकारीले आगामी दिनमा पनि अदालतमा आँखा शिविर सञ्चालन गर्न अस्पताल तयार रहेको धारणा राख्नु भएको थियो भने शिविर सञ्चालन गरिदिएकोमा माननीय मुख्य न्यायाधीशज्यूले तिलगंगा आँखा अस्पताललाई धन्यवाद ज्ञापन गर्नु भएको थियो।



### माननीय न्यायाधीश पराजुलीको स्वागत

उच्च अदालत बुटवलबाट यस अदालतमा काज सरुवा भई आउनु भएका माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुलीलाई उच्च अदालत पाटनमा मिति २०८१।४।२ गते हार्दिक स्वागत गरियो। सर्वोच्च अदालतको मिति २०८१।।३।३१ को निर्णय अनुसार न्यायाधीश पराजुली यस अदालतमा काजमा आउनु भएको हो।



### रजिष्ट्रार श्री श्रीलाल पौडेलको स्वागत

यस अदालतमा रजिष्ट्रार श्री मानवहादुर कार्कीको सर्वोच्च अदालतमा काज सरुवा भएपश्चात रिक्त रहेको यस अदालतको रजिष्ट्रार पदमा सर्वोच्च अदालतबाट आउनु भएका श्री श्रीलाल पौडेललाई मिति २०८१।०४।१६ मा स्वागत गरियो। स्वागत लगत्तै रजिष्ट्रार पौडेलले राजपत्राङ्कित



र राजपत्र अनङ्कित कर्मचारीहरूसँग छुट्टाछुट्टै छलफल कार्यक्रम राखी अदालतको वस्तुस्थितिको बारेमा जानकारी लिनुभएको थियो। उक्त छलफलकै क्रममा रजिष्ट्रार पौडेलले टिम वर्कको अवधारणामा अघि बढ्नुपर्ने, कर्मचारीहरूको कार्यसम्पादनका आधारमा मूल्याङ्कन गरिने र कर्मचारीहरूले पदीय आचरणको पालना गर्नुपर्ने विचार व्यक्त गर्दै आफूले कर्मचारीहरूवाट सोही अनुरुपको व्यवहारको अपेक्षा गरेको कुरा व्यक्त गर्नुभएको थियो।

### रजिष्ट्रार श्री मान बहादुर  कार्कीको विदाइ



यस अदालतबाट सर्वोच्च अदालतमा काज सरुवा हुनु भएका रजिष्ट्रार श्री मानवहादुर कार्कीलाई उच्च अदालतबाटबाट मिति २०८१।४।१३ गते विदाइ गरियो। मिति २०८०।८।२८ देखि यस अदालतको रजिष्ट्रारको पदमा हाजिर हुन भएका कार्कीलाई माननीय मुख्य न्यायाधीश एवम् न्यायाधीशहरु र कर्मचारीहरुले विदाइ गर्नु भएको थियो।

## लेख

### फरक मुद्दा व्यवस्थापन पद्धति: कार्यान्वयनका प्रयासहरू



सूर्यप्रसाद पराजुली,
न्यायाधीश
उच्च अदालत पाटन

**परिचय**

व्यवस्थापन एक प्रक्रिया हो जसको माध्यमबाट उपलब्ध स्रोत र साधनहरूको परिचालन गरेर तोकिएको समयमा अपेक्षित गुणस्तर सहित निर्धारित लक्ष्य हासिल गरिन्छ। व्यवस्थापनमा एक भनाइ पनि छः असल प्रक्रियाबाट असल परिणाम हासिल हुन्छ। जुनसुकै क्षेत्रमा पनि उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग गरी अधिकतम परिणाम हासिल गर्नका लागि प्रभावकारी व्यवस्थापन अनिवार्य हुन्छ। न्यायपालिकामा पनि सेवाप्रवाहलाई गुणस्तरयुक्त बनाई निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापकीय पक्ष सशक्त हुन त्यतिकै आवश्यक छ।
अदालत व्यवस्थापनका विविध पक्षहरू छन्। कर्मचारी व्यवस्थापन, वित्तीय व्यवस्थापन, भौतिक व्यवस्थापन, इजलास व्यवस्थापन, मुद्दा व्यवस्थापनइत्यादि। अदालतको मूल जिम्मेवारी मुद्दासँग सम्बन्धित भएको हुँदा अन्य सबै व्यवस्थापनहरू मुद्दा व्यवस्थापनलाई सहयोग गर्ने र त्यसैमार्फत् न्यायपालिकाको लक्ष्य हासिल गर्ने गरी परिचालित हुन्छन्। त्यसैले, सही तरिकाबाट मुद्दा व्यवस्थापन गर्न सकेमात्र न्यायपालिकाले अपेक्षित लक्ष्य हासिल गर्न सम्भव हुन्छ। यद्यपि अन्य व्यवस्थापनहरू समेत मुद्दा व्यवस्थापनको सेरोफेरोमा नै सञ्चालित हुन पनि त्यतिकै आवश्यक छ।

**मुद्दा व्यवस्थापन**

मुद्दाको दर्तादिखि फैसला हुँदासम्मको अवधिमा यसका सबै काम कारवाहीलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न अवलम्बन गरिने प्रक्रिया मुद्दा व्यवस्थापन हो। यस अन्तर्गत मुद्दाको दर्ता, म्याद तामेली, तारिख तथा पेशी व्यवस्थापन, प्रारम्भिक सुनुवाइ, साक्षी बकपत्र लगायत मुद्दाको सम्बद्ध प्रमाणको संकलन र परीक्षण, वहस व्यवस्थापन, मेलमिलाप प्रक्रियाको उपयोग, आदेशहरूको कार्यान्वयन, फैसला लगायतका काम कारवाहीलाई लक्षित समयभित्र व्यवस्थित तरिकाबाट सञ्चालन गर्ने जिम्मेवारी निर्वहन गर्नुपर्ने हुन्छ।

मुद्दा व्यवस्थापनको सम्बन्ध मुद्दाको परिणामसँग नभएर प्रक्रियाको व्यवस्थापनसँग मात्र हुन्छ। मुद्दा व्यवस्थापनको

कार्य सरल विषय होइन। मुद्दा प्रक्रियाका निर्दिष्ट कार्यहरूलाई यथोचित तरिकाबाट सम्पन्न गर्न सम्बद्ध पदाधिकारी, सरोकारवाला, मुद्दाका पक्ष, कानून व्यवसायी, सेवाग्राही लगायतका धेरै व्यक्तिहरूलाई समन्वयात्मक रूपले परिचालन गरी उनीहरूको सहयोग लिन सक्नुपर्दछ। प्रभावकारी मुद्दा व्यवस्थापनबाट न्यायिक प्रक्रियाहरूलाई उपयुक्त समयमा सम्पन्न हुने हुँदा मुद्दामा हुने ढिलाई नियन्त्रण हुने, मुद्दाको लागि पक्ष र अदालतको तर्फबाट गर्नुपर्ने खर्च नियन्त्रण हुने, न्यायको गुणस्तरियता बढ्ने र अन्ततः अदालतप्रतिको जनआस्था अभिबृद्धि हुने भएकोले यसलाई न्यायप्रणालिको अनिवार्य पक्ष मानिन्छ।

**फरक मुद्दा व्यवस्थापन (Differentiated Case Management)**

कुन ढाँचा र तरिकाबाट मुद्दा व्यवस्थापन गर्ने भन्ने विषय हरेक मुलुकमा त्यहाँका मुद्दाको प्रकृति, न्यायिक अभ्यास, अवलम्बन गरिएको कानून प्रणाली र मुद्दा प्रक्रियाको कार्यविधि आदिमा निर्भर हुन्छ। त्यसैले, सबै मुलुकका अदालतको लागि मुद्दा व्यवस्थापनको एउटै ढाँचा उपयुक्त हुँदैन। तर, सबै न्यायपालिकाहरूले मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउन निरन्तर सुधार तथा नयाँ अभ्यासको प्रयास भने गरिरहेको पाइन्छ। यसै प्रयासको पछिल्लो ढाँचाको रूपमा सन् १९८० को दशकदेखि विभिन्न मुलकमा फरक मुद्दा व्यवस्थापन अबलम्बन हुँदै आएको पाइन्छ।

सबै मुद्दाको प्रकृति समान हुँदैन र सबै मुद्दालाई एकै प्रकारको प्रक्रिया तथा समान समय, साधन र स्रोतका आधारमा व्यवस्थापन गर्न सम्भव पनि हुँदैन। यसै अवधारणाका आधारमा फरक मुद्दा व्यवस्थापनको विकास भएको पाइन्छ। यो पद्धति मुद्दाहरूलाई प्रकृतिका आधारमा विभिन्न वर्गमा विभाजन गरेर ती मुद्दाको प्रक्रियाका लागि लाग्ने समय निर्धारण गर्ने र निरन्तर अनुगमन गरेर निर्धारित समयभित्र मुद्दाको प्रक्रिया सम्पन्न गर्ने विधिमा आधारित छ। फरक मुद्दा व्यवस्थापनको सुरुआतका लागि कार्य गरेको संयुक्त राज्य अमेरिकाको व्यूरो अफ जस्टिस असिस्टेन्सले यस पद्धतिको लागि आवश्यक मुख्य कार्यहरूको पहिचान गरेको छः मुद्दालाई बर्गीकरण गर्ने आधारहरू निर्धारण गर्ने, वर्गका आधारमा मुद्दाको प्रक्रिया र समयसीमा सहितको मार्ग तय गर्ने, मुद्दाहरूलाई छानेर सम्बन्धित मार्गमा राख्ने, मुद्दालाई प्रक्रिया र समयसीमाहरूको आधारमा अदालतले निरन्तर अनुगमन तथा नियन्त्रण गर्ने र यस पद्धतिको लागि सूचना प्रबिधिको उपयोग गर्ने।

मुद्दालाई त्यसको प्रकृति अनुसार फरक तरिकाबाट व्यवस्थापन गर्नुपर्ने अवधारणा नयाँ नभएपनि यसलाई बैज्ञानिक र व्यवस्थित बनाउने कार्य १९८० को दशकमा संयुक्त राज्य अमेरिकाबाट सुरु भएकोमा अहिले अमेरिकाका अधिकांश राज्यहरू, संयुक्त अधिराज्य बेलायत, क्यानाडा, दक्षिण अफ्रिका, जापान, अस्ट्रेलिया, सिंगापुर, फिलिपिन्स, नेपाल लगायतका अन्य देशमा कुनै कुनै रूपमा प्रचलनमा आइसकेको देखिन्छ। मुद्दाको कारवाही कहिले सकिन्छ भन्ने कुराको पूर्व अनुमान गर्न सकिने, मुद्दा प्रक्रियामा पारदर्शिता कायम हुने,न्यायिक जनशक्तिलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन सकिने, मुद्दा प्रक्रियालाई सुरुआतदेखि नै अनुगमन गरी मुद्दाको कारवाही छिटो छरितो बनाउन सकिने जस्ता सकारात्मक गुणको कारण यस पद्धतिको महत्व र प्रयोग बढ्दै गएको पाइन्छ।

**नेपालमा फरक मुद्दा व्यवस्थापनको विकास**

हुनत नेपालमा पनि मुद्दाको प्रकृति अनुसार संक्षिप्त, विशेष र सामान्य गरी अलग अलग कार्यविधि अवलम्बन गर्ने प्रयास पहिले देखि नै गरिएको थियो। तर, अदालतमा कारवाही हुने मुद्दाहरूको वर्गीकरण र व्यवस्थापन कुन सिद्धान्त र पद्धतिका आधारमा गर्ने भन्ने कुरा निश्चित थिएन। नेपालमा फरक मुद्दा व्यवस्थापन पद्धति अकस्मात लागु गरिएको पनि होइन। यसको विकास गर्नका लागि २०६६ सालमा सर्वोच्च अदालतबाट एक अध्ययन भएको थियो। त्यसै आधारमा न्यायपालिकाको दोस्रो रणनीतिक योजना (२०६६/०६७ – २०७०।०७१) मा फरक मुद्दा व्यवस्थापन

पद्धति लागु गर्ने भनी क्रियाकलाप निर्धारण गरियो। तर यो पद्धति लागु गर्न केही पूर्वाधार आवश्यक भएको हुँदा दोस्रो योजनाको मध्यावधि मूल्याङ्कनपछि समयतालिका पद्धतिलाई फरक मुद्दा व्यवस्थापनको पूर्वाधारका रूपमा प्रयोग गर्ने कार्यक्रम तय भयो। तेस्रो रणनीतिक योजना (२०७१/०७२–२०७५।०७६) मा पनि फरक मुद्दा व्यवस्थापन लागु गर्न सकिने अवस्था देखिएन।त्यसैले, अदालतहरूलाई कार्यवोझको आधारमा वर्गीकरण गर्ने, अवधिगत लक्ष्य निर्धारण गर्ने तथा प्राथमिकता प्राप्त मुद्दा, साना प्रकृतिका मुद्दा, थुनुवा भएका मुद्दा,छिटो फछ्र्यौट गर्नपर्ने मुद्दा जस्ता विभिन्न प्रकृतिमा मुद्दालाई वर्गीकरण गरेर व्यवस्थापन गर्ने नीति अवलम्बन गरिएको देखिन्छ। तेस्रो योजनाको मध्यावधि मूल्याङ्कनपछि फरक मुद्दा व्यवस्थापन विकास सम्बन्धमा विशेष अध्ययन भएको र २०७५ सालमा आएको सो अध्ययनको प्रतिवेदनका आधारमा ०७७ साउन देखि फरक मुद्दा व्यवस्थापन पद्धति लागु गर्ने गरी न्यायपालिकाको चौथो रणनीतिक योजना (२०७६/०७७ – २०८०।०८१) मा क्रियाकलाप निर्धारण भएको पाइन्छ।

चौथो रणनीतिक योजनाको आधारमा २०७६ सालमा फरक मुद्दा व्यवस्थापनको कार्यान्वयनको तयारीका लागि अध्ययन गर्ने, सम्बन्धित अदालतका नियमावलीहरूमा संशोधन गर्ने, दिग्दर्शनहरू बनाउने तथा सफ्टवेयर निर्माण गर्ने जस्ता कार्यहरू सम्पन्न भए। तत्पश्चात्, जिल्ला अदालतहरूमा २०७७ साउन १ देखि र उच्च अदालतहरूमा २०७७ भदौ १ देखि फरक मुद्दा व्यवस्थापन पद्धति लागु भएको छ।

**फरक मुद्दा व्यवस्थापन पद्धतिको ढाँचा**

यस पद्धति अनुसार हाल जिल्ला अदालतमा सुरु कारवाही हुने देवानी, दुनियावादी फौजदारी तथा सरकारवादी फौजदारी सबै मुद्दाहरूलाई सरल, सामान्य र विशेष गरी तीन मार्गसमुहमा र पुनरावेदनको कारवाही हुने सबै मुद्दालाई सरल र सामान्य गरी दुई मार्ग समूहमा विभाजन गरी कारवाही गरिन्छ। आवश्यकता अनुसार तोकिएका आधारमा मुद्दाको मार्ग परिवर्तन गर्न सकिने सम्भावनालाई पनि खुलाछोडिएको छ। तर वन्दी प्रत्यक्षीकरण, विशेष प्रकृतिका निवेदन तथा फुटकर निवेदनहरूलाई भने कुनै मार्ग समूहमा राखिएको छैन।

त्यस्तै उच्च अदालतमा दायर हुने मुद्दाहरूमध्ये शुरू कारवाही हुने वा पुनरावेदनको कारवाही हुने सरकारवादी फौजदारी मुद्दामा सरल, सामान्य र विशेग गरी ३ वटा मार्गसमुह रहने तथा सो वाहेकका सुरु कारवाही हुने वा पुनरावेदनको कारवाही हुने रिट, देवानी तथा फौजदारी सबै मुद्दामा भने सरल र सामान्य गरी २ मार्ग समूह रहने गरी फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनमा आएको छ। यो पद्धति लागु भएपछि जिल्ला तथा उच्च अदालतहरूमा सरल मार्गका मुद्दा ६ महिनाभित्र, सामान्य मार्गका मुद्दा १२ महिनाभित्र र विशेष मार्गका मुद्दा १८ महिनाभित्र फछ्र्यौट गर्नुपर्ने भएको छ।पाँचौं पञ्चवर्षीय रणनीतिक योजना (२०८१/०८२-२०८५/०८६) मा पनि फरक मुद्दा पद्धतिलाई योजनाको मुख्य रणनीतिको रूपमा निरन्तरता दिई सोहीबमोजिम योजनाका लक्ष्यहरू निर्धारण गरिएको हुँदा योजनाको सफलता या असफलता यसै पद्धतिको कार्यान्वयनमा निर्भर हुने स्थिति रहेको छ।

**फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनको तयारी**

फरक मुद्दा व्यवस्थापन पद्धति जिल्ला र उच्च तहका अदालतहरूमा एकैसाथ लागु गर्नु चुनौतिपूर्ण कार्य थियो। यसका लागि कानूनी, प्राबिधिक तथा भौतिक तयारीका साथै न्यायिक जनशक्तिमा सीप हस्तान्तरण गर्नु पनि त्यत्तिकै आवश्यक थियो। त्यसैले, २०७७ साल साउन महिनामा यो पद्धति लागु हुनुपूर्व नै अध्ययन प्रतिवेदनका आधारमा अदालत सम्बन्धी नियमावलीहरूमा संशोधन, फरक मुद्दा व्यवस्थापन पद्धतिको लागि मार्गसमूहको पहिचान,पद्धति सञ्चालन गर्ने तरिका र जिम्मेवार पदाधिकारीको वारेमा दिग्दर्शन निर्माण तथा पद्धतिलाई सूचना प्रबिधिमा आधारित

बनाउनको लागि सफ्टवेयरको निर्माण गरिएको थियो। साथै पद्धति लागु भएको पहिलो वर्ष धेरै जनशक्तिलाई तालिम पनि दिइएको थियो। तर, विस्तारै पद्धतिप्रतिको उदासिनता बढ्दै गएको कारण कार्यान्वयनमा पनि सिथिलता आएको पाइन्छ।

**फरक मुद्दा व्यवस्थापन सम्बन्धी दिग्दर्शनहरू**

जिल्ला अदालत र उच्च अदालतको लागि फरक मुद्दा व्यवस्थापन सम्बन्धी अलगगै दिग्दर्शनहरू निर्माण भएका छन्। यी दिग्दर्शनहरूमा कुन प्रकृतिका मुद्दाहरू कुन मार्गसमूहमा राखेर कारवाही गर्ने भन्ने स्पष्ट निर्देश गरिएको छ। अदालतले प्रयास गर्दागर्दै पनि कुनै कारणबस मुद्दा दर्ता हुँदा कायम भएको मार्गसमूहको लागि निर्धारित अवधिमा मुद्दाको प्रक्रिया सम्पन्न हुन नसकेमा वा अर्को मार्गमा राखेर कारवाही गर्नुपर्ने अनिवार्य परिस्थिति सिर्जना भएमा मुद्दाको मार्गसमूह परिवर्तन गरी अर्को मार्गमा राखेर कारवाही गर्न सकिने सुविधा पनि दिग्दर्शनबाट प्रदान गरिएको छ।

**फरक मुद्दा व्यवस्थापन पद्धतिमा सफ्टवेयरको प्रयोग**

दिग्दर्शनहरूमा मुद्दाको कारवाहीका क्रममा कुन कुन कार्य गर्नुपर्छ र त्यसको लागि कति दिनको समयावधि आवश्यक पर्छ भन्ने कुरा पनि निश्चित गरिएको छ। यसबाट मुद्दा फछ्र्यौट हुनका लागि लाग्ने अधिकतम समयावधिको पनि निर्धारण हुन्छ। र, सोही समयावधिको आधारमा सफ्टवेयर पनि निर्माण भएको छ। मुद्दाको मार्गसमूहको निर्धारण र पक्षहरूलाई दिनुपर्ने मुद्दाको कारवाही सम्बन्धी कार्यतालिका तयारी र प्रिन्ट गर्ने कार्य समेत सफ्टवेयरबाटै हुन्छ। मुद्दाको कारवाही गर्दै जाँदा मार्गसमूह परिवर्तन गर्नपर्ने अवस्था आएमा सोको कारण जनाएर सफ्टवेयरमार्फत नै मार्ग परिवर्तन गर्न सकिन्छ।

कुन मुद्दाको प्रक्रिया पूरा हुन कति दिन बाँकी छ भन्ने कुरा पनि सफ्टवेयरले जनाउ दिने भएकोले निर्धारित समयमा नै मुद्दाको कारवाही सम्पन्न गर्न कुन मुद्दाको कारवाहीलाई प्राथमिकता दिनुपर्ने हो भन्ने कुराको आँकलन पनि सफ्टवेयर मार्फत् गर्न सकिन्छ। तर त्यसका लागि सम्बन्धित फाँटले कम्प्यूटर खोलेर सो कुरा हेर्नुपर्छ र सो दिनसम्ममा सम्पन्न हुनपर्ने कार्य गर्न बाँकी रहेको भए प्राथमिकताका साथ मुद्दाको बाँकी कार्य सम्पन्न गराउनु पर्छ।

**फरक मुद्दा व्यवस्थापन कार्यान्वयनको जिम्मेवारी**

अदालतमा कार्यरत कर्मचारी, न्यायाधीश, कानून व्यवसायी, मुद्दाको पक्षहरू लगायत सरोकारवाला सबैको सामुहिक प्रयासबाट मात्र फरक मुद्दा व्यवस्थापनको अपेक्षित कार्यान्वयन हुनसक्छ। यी मध्ये कसैको एकल प्रयासबाट मात्र यसको सफलता सम्भव छैन।

**दर्ता शाखाको भूमिकाः** अदालतको दर्ता फाँट देखि नै यस पद्धतिको कार्यान्वयन सुरु हुन्छ। मुद्दा दर्ताको क्रममा पक्ष र मुद्दाको विवरण सफ्टवेयरमा प्रविष्ट गर्ने,स्वघोषणा फाराम भर्न लगाई सफ्टवेयरमा प्रविष्ट गर्ने,सफ्वेयरको आधारमा निर्धारित मार्गसमूह अनुसारको कार्यतालिका प्रिन्ट गरी तोकिएको अधिकृत समक्ष पेश गर्ने,तोकिएको अधिकृतबाट प्रमाणित भएपछि कार्यतालिकामा पक्षको सहीछाप गराउने,पक्षलाई एकप्रति कार्यतालिका दिने र मिसिलमा एकप्रति राख्ने,मार्ग अनुसारको मिसिलमा सरल, सामान्य र विशेष मार्गसमूहको मुद्दाको लागि फरक रङ्गकोस्टिकर टाँस्ने,म्याद सूचना र तारिख भर्पाईमा मार्गसमूह खुलाउने,दर्ता दायरीमा मुद्दाको मार्गसमूह खुलाउनेआदि जिम्मेवारी दर्ता शाखाको हुन्छ।

**म्याद तामेली शाखाको भूमिकाः** मुद्दामा म्याद तामेलीको कार्य समयमा हुन नसकेमा मुद्दाको सम्पूर्ण कार्य तालिका प्रभावित हुने र फरक मुद्दा व्यवस्थापन पद्धति नै निस्प्रयोजन हुने भएकोले म्याद तामेली शाखाको कार्य धेरै महत्वपूर्ण

हुन्छ। यस शाखाले म्याद सूचना तथा पक्राउ पूर्जीमा मार्गसमूह खुलाउने, तामेलदारले आफ्नो जिम्माको म्याद कार्यतालिकामा तोकिएको अवधिभित्र तामेल गरी फाँटमा बुझाउने, निर्धारित अवधिभित्र तामेल गर्ने, कार्यतालिका अनुसारको समयमा रीतपूर्वक म्याद तामेल भए नभएको अनुगमन गर्ने, तामेल भै आएको म्याद वेरितको देखिए तोकिएको अधिकृतले उसैदिन बदर गरी पुनः म्याद जारी गर्ने र नियमानुसार पुनः तामेल गर्न लगाउने जस्ता जिम्मेवारी पूरा गर्नुपर्छ।

**मुद्दा शाखाको भूमिकाः** मुद्दाको कारवाही कार्यतालिकामा निर्धारित समयमा सम्पन्न गराउने प्रमुख जिम्मेवारी मुद्दा शाखाको नै हुन्छ। मुद्दा शाखाले कार्यतालिका छ छैन रूजु गरी मिसिल बुझ्ने,दैनिक रूपमा गर्नुपर्ने काम सफ्टवेयरबाट जाँच गर्ने,मुद्दाको कारवाहीको नियमित रूपमा अनुगमन गर्ने,कारवाहीका आधारमा मार्ग परिवर्तन गर्नुपर्नेभएमा सुपरीवेक्षक समक्ष पेश गर्ने,मार्ग परिवर्तन हुने आदेश भएमा सो अनुसार सफ्टवेयरमा प्रविष्ट गर्ने जस्ता जिम्मेवारी पूरा गर्नुपर्छ। त्यस्तै,तारिख वा पेशी तोक्ने वेलामा मुद्दाको कार्यतालिकालाई आधार मान्ने,कार्यतालिकामा प्रतिवादी वा प्रत्यर्थीको सहीछाप गराई स्रेस्तेदारबाट प्रमाणित गराई मिसिलमा राख्ने र पक्षलाई एकप्रति दिने,प्रतिवादीको वयान गराउँदा वा प्रतिउत्तर दर्ता गर्दा स्वघोषणा फाराम भर्न लगाई सफ्टवेयरमा प्रविष्ट गर्ने,कागज झिकाउने, बकपत्र गराउने, कागज गराउने आदि कार्यगर्दा कार्यतालिकाको निर्धारित मिति ननाघ्ने गरी आदेशहरू कार्यान्वयन गर्ने जस्ता जिम्मेवारी समेत मुद्दा शाखाले पूरा गर्नुपर्छ।

**सुपरिवेक्षकको भूमिकाः** मुद्दा प्रक्रियाको निरन्तर अनुगमनबाट मात्र फरक मुद्दा व्यवस्थापन प्रभावकारी हुन सक्ने भएको हुँदा सुपरीवेक्षकहरूको फरक मुद्दा व्यवस्थापनमा प्रमुख भूमिका रहन्छ। उनीहरूले सफ्टवेयरमार्फत् वा मिसिल निरीक्षण गरेर मुद्दा प्रक्रियाको निरन्तर अनुगमन गरी निर्धारित समयमा मुद्दाको कारवाही सम्पन्न गराउनुपर्ने हुन्छ। त्यसका लागि सुपरिवेक्षकले मुद्दा कारवाहीको नियमित अनुगमन गर्ने,सफ्टवेयर मार्फत र आवश्यकता अनुसार मिसिल निरीक्षण गरी कार्यतालिका अनुसार कार्य गर्न फाँटलाई निर्देशन दिने,मार्गसमूह परिवर्तन गर्न परेमा आफै वातोकिएको अधिकृत समक्ष पेश गरी भएका आदेश कार्यान्वयन गराउने,सफ्टवेयरमा प्राप्त संकेतका आधारमा मुद्दामा गर्नुपर्ने कार्य पहिचान गरी स्रेस्तेदार वा रजिस्ट्रार समक्ष पेश गर्ने, मुद्दाको अङ्ग पुऱ्याउनका लागि आवश्यक अन्य कार्यहरू गर्ने लगायतका कार्यहरूको जिम्मेवारी सुपरिवेक्षकको हुन्छ।

**स्रेस्तेदार र रजिस्ट्रारको भूमिकाः** जिल्ला अदालतका स्रेस्तेदार र उच्च अदालतका रजिस्ट्रार सम्बन्धित अदालतका मुख्य प्रशासक भएको हुँदा उनीहरूमा अदालतको स्रोत साधन र जनशक्तिको समुचित परिचालन तथा प्रभावकारी मुद्दा व्यवस्थापनको समेत जिम्मेवारी रहेको हुन्छ। स्रेस्तेदार वा रजिस्ट्रारले मार्गसमूह अनुसारको कार्यतालिका प्रमाणित गर्ने,मार्गसमूह परिवर्तन गर्ने गरीपेश भएमा निकाशा दिने, कार्यतालिका अनुसार कार्य सम्पन्न भए नभएको विषयमा नियमित अनुगमन, निरीक्षण गरीगराई आवश्यक निर्देशन दिने,सुपरीवेक्षकबाट पेश भएको विषयमा निकासा दिने, न्यायाधीशवा मुख्य न्यायाधीशलाई फरक मुद्दा व्यवस्थापनको कार्यान्वयन सम्बन्धमा नियमित नियमित जानकारी गराउने,कार्यतालिका अनुसार कार्य सम्पन्न गर्ने गरी स्रोत साधन र जनशक्तिको व्यवस्थापन गर्ने,सरोकारवालाहरू र कर्मचारीहरूसँग नियमित छलफल र समन्वय गर्ने,फरक मुद्दा व्यवस्थापन सम्बन्धीआवधिक प्रगति प्रतिवेदन गर्ने आदि जिम्मेवारी समेत स्रेस्तेदार र रजिस्ट्रारले पूरा गर्नुपर्छ।

**कानून व्यवसायीको भूमिकाः** मुद्दामा पक्षहरूले मार्गसमूह अनुसारको कार्यतालिका लिए नलिएको, मुद्दाको कारवाही निर्धारित समयमा सम्पन्न भए नभएको, मुद्दामा मार्ग परिवर्तन गर्न पर्ने अवस्था भए नभएको जस्ता विषयमा चासो राखी अदालतलाई जानकारी गराउने, पक्षहरूलाई फरक मुद्दा व्यवस्थापन पद्धतिको वारेमा सुसूचित गराउने तथा मुद्दाको

कारवाही छिटो छरितो सम्पन्न गराउन अदालतलाई आवश्यक सहयोग गर्ने जस्ता कार्यहरूकानून व्यवसायीबाट भएमा फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयनमा योगदान पुग्छ।

**न्यायाधीश/ मुख्य न्यायाधीश/ इजलासको भूमिकाः** फरक मुद्दा व्यवस्थापन न्यायिक कार्य नभई व्यवस्थापकीय कार्य हो तापनि अदालतमा मुद्दा व्यवस्थापनको सम्बन्धमा नियमित प्रतिवेदन लिने र निर्देशन दिने जिम्मेवारी न्यायाधीश/ मुख्य न्यायाधीशको पनि रहन्छ। इजलासमा पेश भएका मुद्दाहरूको कारवाही निर्धारित कार्यतालिका बमोजिम भए नभएको हेरी आवश्यक निर्देशन दिने, फरक मुद्दा व्यवस्थापनका सम्बन्धमा कुनै अडवड परेमा निकासा दिने, अदालतमा आवश्यक स्रोत साधन उपलब्ध गराउन प्रयासरत रहने, अदालतका सरोकारवालाहरूसँग समन्वय गरी मुद्दा व्यवस्थापनका लागि सहज वातावरण निर्माण गर्ने जस्ता जिम्मेवारी न्यायाधीश/ मुख्य न्यायधीशले पनि निभाउनुपर्ने हुन्छ।

**निष्कर्ष**

फरक मुद्दा व्यवस्थापन पद्धति न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने,अदालतमा कार्यरत जनशक्तिलाई सेवाग्राहीप्रति उत्तरदायी र पारदर्शी बनाउने तथा न्यायिक कार्यको गुणस्तरियता बृद्धि गर्ने महत्वपूर्ण औजार हो। खासगरी न्यायपालिकाको पाँचौं रणनीतिक योजनामा फरक मुद्दा व्यवस्थापन पद्धतिलाई न्यायापालिकाको लक्ष्य हासिल गर्ने मुख्य रणनीतिको रूपमा समावेश गरिएकोले फरक मुद्दा व्यवस्थापन पद्धति प्रभावकारी कार्यान्वयनविना योजना सफल हुन नसक्ने स्थिति छ। त्यसैले अदालतमा कार्यरत सबै जनशक्ति तथा सरोकारवालाले यसको सफल कार्यान्वयनको लागि प्रतिबद्ध र जागरूक रहेर आफ्नो जिम्मेवारी पूरा गर्नु अनिवार्य भएको छ।

## मध्यस्थको निर्णय पुनरावलोकनमा उच्च अदालतको भूमिका



मोनिका चौधरी

इजलास अधिकृत, उच्च अदालत पाटन

परिभाषा

वैकल्पिक विवाद समाधान (Alternative Dispute Resolution (ADR)) भन्नाले अदालती प्रक्रिया विना समस्या समाधान गर्ने तरिकाहरू हुन्। यसमा मध्यस्थता, मेलमिलाप र समन्वय जस्ता प्रक्रियाहरू पर्दछन्। मध्यस्थबाट भएको निर्णय पक्षहरूका लागि बाध्यकारी हुन्छ तर अन्य दुई प्रक्रियाबाट आएका नतिजा बाध्यकारी हुँदैनन्। यी प्रक्रियाहरूले विवाद समाधानमा सहजीकरण गरी विवादको दिगो समाधान गर्न सहयोग पुग्दछ। यी प्रक्रियाहरू सामान्यतया गोप्य, कम औपचारिक, कम खर्चिलो, छिटोर परम्परागत अदालती कारवाहीभन्दा कम झन्झटिला हुन्छन्। मध्यस्थता भन्नाले एक वैकल्पिक विवाद समाधानको प्रक्रिया हो जसमादुई वा दुईभन्दा बढी पक्षहरूको विवादलाई औपचारिक अदालतको प्रक्रिया बिना दुवै पक्षको सहमतिमा छानिएको मध्यस्थद्वारा समाधान गरिन्छ। यस अर्थमा यसलाई निजी अदालतको संज्ञा समेत दिने गरिएको छ। मध्यस्थबाट भएको निर्णयलाई सामान्यतया

अन्तिम नै मानिन्छ। मध्यस्थताको प्रक्रियाअदालती प्रक्रियाभन्दा प्रायः छिटो, लचिलोर कम खर्चिलो हुने भएकोले पक्षहरूबीचको आर्थिक, ठेक्कापट्टा, निर्माण सम्बन्धी विवादहरू समाधान गर्नका लागि अपनाउने गरिन्छ।

## नेपालमा मध्यस्थता कानूनको विकास

नेपालमा मध्यस्थद्वारा विवादको निरुपण गर्ने व्यवस्था पहिलो पटक **विकास समिति ऐन, २०१३** मा समावेश भएको पाइन्छ। उक्त ऐनमा मिति २०१४/११/०२ मा भएको दोस्रो संशोधनद्वारा थप गरिएको दफा ९ मा समितिसँग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा उठ्ने झगडालाई निर्णयको लागि मध्यस्थछेउ पठाउनु पर्ने र मध्यस्थले त्यस्तो झगडाको निर्णय गर्नेछभन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। सो दफामा मध्यस्थबाट भएको निर्णय अन्तिम हुने र सो प्रकृतिका विवाद अदालतले हेर्न नमिल्ने भनी उल्लेख गरिएको छ। मध्यस्थले निर्णय गर्दा अनुचित आचरण देखाएको वा खास बदनियत देखिने गरी बेठिक निर्णय गरेको वा मनमानी गरेको भन्ने स्पष्ट देखिन आएमा वा मध्यस्थको निर्णय सरासर कानूनविरुद्ध भएमा त्यस्तो निर्णयलाई सर्वोच्च अदालतले रद्द गरी उक्त विवादलाई निर्णयका निमित्त प्रधान न्यायाधीशबाट नियुक्त अर्को मध्यस्थ छेउ पठाइनेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

नेपालमा पहिलो पटक मध्यस्थता सम्बन्धी विशेष ऐनको रुपमा बनाइएको कानून भने मध्यस्थता ऐन, २०३८ हो। यो ऐन मिति २०३९/०१/०१ देखि लागू गरिएको थियो। उक्त ऐनले नेपालमा मध्यस्थता प्रक्रियाको कानूनी ढाँचा प्रदान गरेको थियो। सो ऐनमा सम्झौताका पक्षहरूले आफूहरूबीचको सहमतिमा मध्यस्थ नियुक्त गरी आफैंले निर्धारण गरेको प्रकृयाबमोजिम विवादको समाधान गर्न सक्ने कानूनी व्यवस्था रहेको थियो। मध्यस्थको नियुक्तिमा पक्षहरूबीच सहमति हुन नसके पक्षहरूको निवेदनबमोजिम जिल्ला अदालतले मध्यस्थ नियुक्ति गर्न सक्ने भनी उल्लेख गरिएको थियो। यस ऐनमा मध्यस्थ नियुक्तिको विधि, मध्यस्थको संख्या, मध्यस्थ हुनका लागि अयोग्यता, मध्यस्थको कार्यालय, पक्षरुले दावी प्रतिवाद पेश गर्ने र अर्को पक्षलाई म्याद दिने अवधि र तरिका, मध्यस्थहरूले के कस्ता विषयमा निर्णय गर्न नहुने अवस्थाहरू, मध्यस्थलाई हटाउन सकिने अवस्था, मध्यस्थको अधिकार, मध्यस्थले निर्णय दिनुपर्ने अवधि र मध्यस्थको निर्णयकासम्बन्धमा समेत व्यवस्थाहरू गरिएको छ। नेपालले Convention on Recognition and Enforcement of Foreign Arbitral Awards, 1958 लाई सन् १९९८ मा अनुमोदन गरेको थियो। नेपाल सन्धि ऐन, २०७४ को दफा ९ को उपदफा (१)मा संसदबाट अनुमोदन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था रहेबाट सोही अनुरुप नेपालमा विदेशी मध्यस्थको निर्णयको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनका लागि साविकको ऐनलाई प्रतिस्थापन गरी **मध्यस्थता ऐन, २०५८** जारी गरिएको हो।

## मध्यस्थता ऐन, २०३८ र मध्यस्थता ऐन, २०५५ अन्तर्गत मध्यस्थको निर्णय पुनरावलोकनमा रहेको अदालतको अधिकारक्षेत्रको तुलना

मध्यस्थबाट भएको निर्णय सामान्यतया अन्तिम हुने भएतापनि केही अवस्थाहरूमा मध्यस्थबाट भएका निर्णयहरूको पुनरावलोकन अदालतबाट हुने गर्दछ। अदालतले तथ्य र प्रमाणको मूल्याङ्कन नगरी मध्यस्थबाट भएको निर्णयमा केही प्रकृयागत त्रुटिको सम्बन्धमा मात्र बोल्ने सीमित अधिकार राख्दछ। मध्यस्थता ऐन, २०३८ को दफा २१ मा मध्यस्थबाट भएको निर्णय के कुन अवस्थामा बदर हुन सक्नेछ भनी व्यवस्था भएको थियो। कुनै पनि पक्षले

निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र उक्त निर्णय बदर गर्नका लागि साविकको क्षेत्रीय अदालत र पछि पुनरावेदन अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरिएको थियो। **अदालतले देहायका अवस्थामा मध्यस्थको निर्णय बदर गर्न सक्ने व्यवस्था रहेको थियोः**

- **निर्णय पक्षपातपूर्ण वा कलुषित भएमा;**
- **निर्णय जालसाजयुक्त तरिकाले वा करकापबाट वा अनुचित प्रभावमा पारी प्राप्त गरेको देखिएमा;**
- **निर्णय प्रचलित कानूनको विपरीत भएमा;**
- **निर्णयमा प्रत्यक्ष कानूनी त्रुटि देखिएमा;**
- **निर्णय अस्पष्ट र अर्थहीन रहेमा;**
- **निर्णय सम्झौतामा उल्लेखित कुनै शर्तको विपरीत भएमा; र**
- **निर्णय गलत सिद्धान्तमा आधारित भएमा"**।

माथि उल्लेखित अवस्थाहरूको विद्यमानता देखिएमा अदालतले मध्यस्थको निर्णय बदर गरी पुनः अन्य मध्यस्थहरूबाट निर्णय गराउने वा पहिले विवाद हेर्ने मध्यस्थद्वारा नै निर्णय गराउने भन्ने निर्देशसहित पुनः कारबाहीका लागि मिसिल पठाउन सक्ने भन्ने कानूनी व्यवस्थासमेत रहेको थियो। मध्यस्थले गरेको निर्णय कार्यान्वयन नभएको खण्डमा पक्षहरूले जिल्ला अदालतमा निर्णय कार्यान्वयनका लागि निवेदन दिएमा जिल्ला अदालतले आफ्नो फैसला सरह निर्णय कार्यान्वयन गर्नु पर्ने हुन्थ्यो। उक्त ऐनको दफा २४ मा विदेशमा भएका मध्यस्थको निर्णय समेत कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको थियो।

साविकको ऐनमा गरिएको उल्लिखित व्यवस्थाभन्दा भिन्न रुपमा मध्यस्थता ऐन, २०५५ मा मध्यस्थको निर्णय उपर अदालतले देहायको अवस्थामा मात्र निर्णय बदर गर्न वा पुनः निर्णयका लागि मध्यस्थ समक्ष पठाउने सक्ने व्यवस्था गरिएको छ। सो ऐनको दफा ३० मा गरिएको व्यवस्था यस प्रकार रहेको छः

(१)मध्यस्थको निर्णय उपर उच्च अदालतमा पैंतिस दिनभित्र निवेदन गर्नसकिनेछ।

(२)अदालतले देहायको अवस्थामा मध्यस्थको निर्णय बदर गर्न वा पुनः निर्णय गराउन आदेश दिन सक्नेछः

(क) सम्झौताका कुनै पक्ष सम्झौता गर्दाका बखत कुनै कारणले सम्झौता गर्न असक्षमरहेको वा पक्षहरु जुन मुलुकको कानूनको अधीनमा रहेका छन् सो कानून अनुसारवा त्यस्तो कानून स्पष्ट हुन नसकेकोमा नेपाल कानूनबमोजिम सो सम्झौता वैधनरहेको,

(ख) निवेदन गर्ने पक्षलाई मध्यस्थ नियुक्त गर्नका लागि वा मध्यस्थताकोकारवाहीकासम्बन्धमा समयमा नैरीतपूर्वक सूचना नदिएको,

(ग)मध्यस्थलाई नसुम्पिएको बिवादसँग सम्बन्धित विषयमा वा मध्यस्थलाई सुम्पिएकोशर्त विपरीत वा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय भएको,

(घ)नेपाल कानून प्रतिकूल सम्झौता भएकोमा बाहेक मध्यस्थताको गठन विधि वात्यसको काम कारवाही पक्षहरुबीच सम्पन्न सम्झौता अनुरुप नभएको वा त्यस्तोसम्झौता नभएकोमा यस ऐन अनुसार नभएको।

(३)अदालतले देहायको अवस्थामा मध्यस्थको निर्णय बदर गर्न सक्नेछ :

(क)मध्यस्थले निर्णय गरेको बिवाद नेपाल कानूनबमोजिम मध्यस्थद्वारा निरोपण हुननसक्ने भएमा।

(ख)मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुनेभएमा। उपदफा (३) को अवस्थामा मध्यस्थको निर्णय बदर भएकोमा सो विषयमा पुनःनिर्णय गर्नको लागि मध्यस्थसमक्ष पठाउने व्यवस्था गरिएको देखिँदैन।

उच्च अदालतले मध्यस्थको निर्णयउपर गरेको अन्तिम आदेश विरुद्ध पुनरावेदन गर्ने अन्य कुनै विकल्प उपलब्ध छैन। तर, त्यस्तो निर्णयका कारण पक्षहरूको संवैधानिक अधिकार हनन् भएको अवस्थामा उच्च अदालतको

निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्न सक्नेछन्। तथापि,मध्यस्थता ऐन, २०३८ को दफा २१ र मध्यस्थता ऐन, २०५५ को दफा ३० लाई तुलना गर्दा हालको ऐनले अदालतको अधिकारलाई साँघुरो गरेको देखिन आउँछ।साविकको ऐनमा अदालतले मध्यस्थको निर्णयलाई पुनरावलोकन गर्दा विवादित विषयवस्तु (Merit) मा प्रवेश गरी परीक्षण गर्न सक्ने व्यवस्था थियो। सो अधिकार पुनरावेदकीय अधिकारको रुपमा रहेको जस्तो देखिन्छ।अदालतले मुद्दाको विषयवस्तुमा प्रवेश गरी कुनै निर्णय पक्षपातपूर्ण छ वा छैन, अस्पष्ट वा अर्थहीन छ वा छैन जस्ता प्रश्नमा आफ्नो निर्णय दिन सक्ने ठाउँ रहेको थियो। तर पछिल्लो ऐनले सो अधिकारमा संकुचन ल्याएको पाइन्छ। अहिलेको ऐनमा मध्यस्थले निर्णय उपर कानूनले परिभाषित गरेका सीमित आधारमा मात्र अदालतले मध्यस्थको निर्णय जाँच गर्ने पाउँने व्यवस्था देखिन्छ।मध्यस्थताको प्रकृयाद्वारा प्रायः जसो व्यावसायिक र प्राविधिक कामकाजसँग सम्बन्धित विवादहरूको निरुपण गर्ने गरिन्छ।त्यस्तो प्राविधिक विषयउपर विचार गर्नका लागि मध्यस्थको रुपमा त्यस्तो विषयको विशेषज्ञलाई नै छनौट गरिएको हुन्छ।विवादको विषयमा अदालतभन्दा मध्यस्थ नै वढी विज्ञ हुने र पक्षको सहभागितामा सो कार्य हुँने हुँदा विवादको समाधान अदालतभन्दा मध्यस्थद्वारा छिटो, छरितो र प्रभावकारी हुन सक्छ भन्ने मान्यताले अदालतको अधिकारक्षेत्रलाई सीमित तुल्याइएको देखिन्छ।त्यसैले मध्यस्थको निर्णय उपर अदालतलाई प्रदान गरिएको अधिकार पुनरावेदकीय प्रकृतिको छैन केवल सुपरिवेक्षकीय प्रकृतिको छ।

**मध्यस्थको निर्णयसम्बन्धमा स्थापित न्यायिक दृष्टिकोण**

मध्यस्थको निर्णयका बारेमा सम्मानीत सर्वोच्च अदालतले गरेका प्रतिनिधि व्याख्याको सार संक्षेप यसप्रकार रहेको छः

- मध्यस्थले गरेको निर्णय उपर अदालतले पुनरावेदकीय रोहमा मूल्याङ्कन नगर्ने भन्ने सामान्यमान्यता राखी मध्यस्थता ऐन जारी गरिएको पाइन्छ। अदालतले मध्यस्थको निर्णयलाई पुनरावेदनको रुपमा हेरी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न मिल्दैन। विवादसँग सम्बन्धित तथ्य केलाउने र तथ्यगत रुपमा मध्यस्थको निर्णयको परीक्षण गर्ने अधिकार अदालतलाई हुँदैन। विवादको विषयसँग सम्बन्धित तथ्य केलाउने र उक्त तथ्यको विषयमा निर्णय गर्ने अन्तिम अधिकार मध्यस्थलाई नै हुन्छ। मध्यस्थ नै विवादमा सम्बद्ध तथ्य केलाउने र यसको बारेमा निर्णय गर्ने सबैभन्दा सक्षम निर्णयकर्ता (Last Judge) हो। खास गरी प्राविधिक प्रकृतिको कामसँग सम्बन्धित सम्झौता वा ठेक्कासँग सम्बन्धित विवाद निरोपण गर्दा प्राविधिक प्रकृतिको तथ्यहरू केलाउनु पर्ने हुन्छ। त्यस्ता तथ्यहरूको विषयमा अदालतभन्दा मध्यस्थ नै वढी विज्ञ हुने हुँदा मध्यस्थको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नगरी मध्यस्थको निर्णयमा गम्भीर कानूनी त्रुटि देखिएको आधारमा मात्र मध्यस्थको निर्णय बदर गराउन अदालतमा पुनरावेदन लाग्ने हुन्छ।[१]मध्यस्थको निर्णय पुनरावलोकन गर्ने सम्बन्धमा अदालतकोसीमित अधिकार मात्र हुन्छ।मध्यस्थको निर्णयविरुद्ध अन्य विवादमा जस्तो पुनरावेदकीय अधिकारक्षेत्रको व्यवस्था नगरिएको हुनाले मध्यस्थको निर्णयको परख कानूनको कसीमा होस् भनेर नै सोउपर अदालतको अधिकारक्षेत्रको तर्जुमा भएको छ।[२]

[१] सडक विभागसमेत वि. वाईवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सामाखुसी, काठमाण्डौसमेत(नेकाप २०६७ अंक १० नि.नं. ८४७९)

[२]महाकाली सिंचाई परियोजना, महेन्द्रनगरकोतर्फबाट सिंचाई विभागका महानिर्देशक उमाकान्त झावि. पुनरावेदन अदालत, पाटन समेत (नेकाप २०६६ अंक ५ नि.नं. ८१५६)

- केही कानूनी प्रश्नमा मध्यस्थबाट त्रुटी भएमा पुनरावलोकन हुनुपर्छ भन्ने मान्यताका आधारमा मध्यस्थबाट भएका केही त्रुटीहरूका सम्बन्धमासम्म अदालतले मध्यस्थको निर्णय हेर्ने र बदरसमेत गर्न सक्ने कानूनी व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा ३० मा गरिएको छ। उक्त दफाले केही खास अवस्थामा मात्र मध्यस्थ ट्राइबुनलको निर्णय प्रमाणित आधारमा टेकेर पुनर्विचार गर्न सक्ने वा सम्बन्धित ट्राइबुनलमा पठाउन सक्ने परिकल्पना गरेको पाइन्छ। विशेषज्ञद्वारा छिटो न्याय निरूपण गर्न सकियोस् भन्ने उद्देश्यसहितको मूल भावना रहेको मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा(२) को व्यवस्थाले पुनरावेदन सुन्ने अदालतलाई मध्यस्थले गरेको निर्णय क्षेत्राधिकारको अभावमा, असक्षम पक्षले गरेको करार, नेपाल कानून प्रतिकूल मध्यस्थताको गठन, पक्षहरूबीच सम्पन्न सम्झौताअनुरूप नभएको वा त्यस्तो सम्झौता नै नभएकोमा ऐनअनुसार नभएको भन्नेलगायतका विषयमा सीमित क्षेत्राधिकार प्रदान गरेको पाइन्छ।[३]
- विवादको पक्षहरूले नै नियुक्त गरेको मध्यस्थले पक्षहरूको सहमतिमा निर्धारण गरिएको कार्यविधिबमोजिम निर्णय गर्ने भएकोले विवादको सम्बन्धमा सम्बद्ध तथ्य केलाउन र यसको बारेमा निर्णय गर्नको लागि मध्यस्थलाई नै सबैभन्दा सक्षम निर्णयकर्ता मानिने ।मध्यस्थलाई सम्बन्धित विषय विज्ञ मानी आपसी सहमतिमा नियुक्ति गरी उसको क्षेत्राधिकारलाई समेत स्वीकार गरिसकेको कारणले मध्यस्थले गरेको निर्णय नै अन्तिम हुन्छ।अर्को शब्दमाभन्नुपर्दा मध्यस्थ पनि एक प्रकारको अदालत नै हो । उसले अदालतले पभोग गरेसरहको अधिकार उपभोग गर्छ र उसले गरेको निर्णय अदालतले गरेसरह अन्तिम हुने । मध्यस्थको नियुक्ति सम्बन्धित विवादको विषयको विज्ञको हैसियतमा गरिने भएकाले विवादको तथ्यगत प्रश्न केलाउनमा मध्यस्थ नै सबैभन्दा आधिकारिक व्यक्ति भएको अनुमान गर्नुपर्ने। अदालतबाट मध्यस्थको निर्णयउपर अनावश्यक रूपमा हस्तक्षेप गर्दै जाने हो भने मध्यस्थता ऐनले परिकल्पना गरेको विवादको छिटो छरितो समाधान गर्ने उद्देश्य पराजित हुन जान्छ जुन मध्यस्ततासम्बन्धी प्रचलित कानूनको उद्धेश्यसमेत नहुने। मध्यस्थता ऐन, २०५५ को दफा ३० ले केही सीमित आधारमा मात्र उच्च अदालतले मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने व्यवस्था गरेकोमा तथ्यगत प्रश्नमा अदालत प्रवेश गर्न मिल्ने देखिँदैन । यसरी मध्यस्थता ऐनको व्यवस्था हेर्दासमेत तथ्यगत प्रश्नको सम्बन्धमा मध्यस्थको निर्णय नै अन्तिम हुने र अदालतले ऐनमा व्यवस्था भएबमोजिमको आधारमा मात्र मध्यस्थको निर्णयलाई बदर गर्न सक्ने देखिने ।निवेदककै कारणले मध्यस्थको नियुक्ति हुन नसकी अदालतको आदेशले मध्यस्थ नियुक्ति भएकोमा सोही समयमा नै हदम्यादको सम्बन्धमा चुनौति दिई उपचार नखोजी अदालतको आदेशबमोजिम भएको मध्यस्थ नियुक्तिलाई स्वीकार गरी मध्यस्थताको हरेक प्रक्रियामा सामेलसमेत भएको अवस्थामा अहिले आएर मध्यस्थको निर्णयलाई चुनौति दिन नमिल्ने।[4]

---

[३]नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय सडक विभाग, बबरमहल, काठमाडौंका अधिकारप्राप्त महानिर्देशक दिनकर शर्मा बि. ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.१० कुपण्डोलस्थित नेपाल मध्यस्थता परिषद् (NEPCA) मा सचिवालय रहेको मुख्य मध्यस्थ श्री सुरेशमान श्रेष्ठ तथा मध्यस्थ श्री कमला उप्रेती र मध्यस्थ श्री नरेन्द्रकुमार श्रेष्ठसमेत रहेको मध्यस्थ ट्राइबुनलसमेत (नेकाप २०७७ अंक १० नि.नं.१०५८६)

[4]भौतिक, पूर्वधार तथा यातायात मन्त्रालय, सडक विभाग चाकुपाट ललितपुरका तर्फबाट अधिकार प्राप्त महानिर्देशक रविन्द्रनाथ श्रेष्ठविरूद्धविपक्षी : उच्च अदालत पाटन, ललितपुरसमेत, नेकाप २०७८ अंक २ नि नं १०६४५

उल्लिखित न्यायिक व्याख्याले समेत मध्यस्थको निर्णयमा सीमित अवस्थामा बाहेक अदालतले प्रवेश नगर्ने भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।

**उच्च अदालत पाटनमा मध्यस्थता सम्बन्धी विवाद**

उच्च अदालत पाटनमा गत आ.व. २०८०/०८१ मा मध्यस्थसम्बन्धी दर्ता भएका मुद्दाहरूमध्ये एक सय दुई थान मुद्दा फैसला भएको छ। यस अदालतमा प्रायः दुई प्रकारका मध्यस्थ सम्बन्धी मुद्दाहरू दर्ता भएको देखियो- मध्यस्थ नियुक्तिको सम्बन्धमा र मध्यस्थको निर्णय बदरका सम्बन्धमा।दर्ता भएका मुद्दाहरूको पक्षहरू र विवाद हेर्दा धेरैजसो विषयहरू ठेक्कापट्टा सम्बन्धमा रहेको देखिन्छ। दर्ता हुन आएका मध्यस्थको निर्णय बदरका मुद्दाहरू केलाई हेर्दा, मध्यस्थले सम्झौताको अधिनमा नरही मध्यस्थलाई दिएको क्षेत्राधिकार बाहिर गई निर्णय दिएको आधारमा धेरैजसो मध्यस्थको निर्णय बदरका लागि निवेदन परेको देखियो। फैसला भएका एक सय दुई थान मुद्दाहरूमध्ये साठी थान मुद्दा मध्यस्थको नियुक्ति सम्बन्धमा रहेको र बाँकी बयालीस थान मुद्दा मध्यस्थको निर्णय बदर सम्बन्धमा रहेको देखियो। सो बयालीस थानमध्ये छत्तीस थान मुद्दामा मध्यस्थको निर्णय सदर हुने गरी, दुई थान मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (३) बमोजिम बदर हुने गरी, चार थान मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) बमोजिम पुनः इन्साफका लागि पठाउने गरी र मध्यस्थ नियुक्ति मुद्दामा पक्षहरूले आफूहरूको सहमतिमा नै मध्यस्थ नियुक्त गर्न मञ्जुर छौं भनेकाले सोही आधारमा एक थान मुद्दा मुल्तवीमा राखेको देखियो। मध्यस्थको निर्णय बदर गरी पुनः इन्साफका लागि पठाईएका फैसलाहरूमा लिईएको मुख्य आधार नै मध्यस्थले सम्झौताको शर्तभन्दा बाहिर गई निर्णय दिएको भन्ने पाइन्छ । मध्यस्थवाट भएको निर्णय सार्वजनिक हित र नीति विरुद्ध भएको आधारमा मध्यस्थको निर्णय बदर भएको देखिन्छ। मध्यस्थले करारीय विवादमाविवादका पक्षहरूले गरेको सम्झौताको शर्त र व्यवस्थाभन्दा वाहिर गएर Award दिन मिल्दैन ।मध्यस्थलाई कुनै स्वविवेकीय अधिकार हुँदैन। मध्यस्थको अधिकार सम्झौतामा सीमित रहन्छ। यदि मध्यस्थले सम्झौताको शर्त र व्यवस्थाभन्दा बाहिर गई Award दिन्छ भने त्यस्तो मध्यस्थले Excess of Jurisdiction गरेको मान्नुपर्ने हुन्छ।[५] मध्यस्थले निर्णय गर्दा strictly सम्झौताको शर्तको अधिनमा रही मात्र गर्नुपर्ने हुन्छ। उच्च अदालत पाटनबाट फैसला भएका मध्यस्थता सम्बन्धी मुद्दाहरूको तालिका देहायबमोजिम रहेको छ।

**तालिका नं ३:उच्च अदालत पाटनबाट आ.व. २०८०/०८१ मा फछ्यौंट भएका मध्यस्थता सम्बन्धी मुद्दाहरू**

| मध्यस्थ नियुक्ति सम्बन्धी मुद्दा संख्या | मध्यस्थको निर्णय बदर सम्बन्धी मुद्दा |
|---|---|

[५] कृषि सामग्री संस्थान, प्रधान कार्यालय, कुलेश्वरकोतर्फबाट संस्थानका महाप्रवन्धक कृष्णचन्द्र झाविं. ११ कोलियर क्वाय, १४-०१ सिंगापुर ०४९३१७ मा कार्यालय भएको सुमित प्रकाश एशिया प्रा.लि.को अधिकृत प्रतिनिधि का.जि.का.म.न.पा.वडा नं.११ कमलादीस्थित मिलिमिली इन्टरप्राइजेजको प्रोप्राइटर दिनेशभक्त श्रेष्ठसमेत (नेकाप २०६६ अंक ४ नि.नं. ८१२८)

| | | | |
|---|---|---|---|
| ६० | निर्णय सदर संख्या | मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (३) बमोजिम बदर संख्या | मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (२) बमोजिम बदर गरी पुनः इन्साफमा पठाएको संख्या |
| | ३६ | २ | ४ |
| **जम्मा** | **१०२** | | |

**यस अदालतबाट विदेशी मध्यस्थको निर्णय सम्बन्धमा भएको व्याख्या**

यस अदालतमा सिंगापुरको मध्यस्थ न्यायाधिकरणबाट भएको निर्णय मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम बदर गर्नका लागि समेत निवेदन परेको थियो। सो निवेदनमासमान्यतया विदेशी मध्यस्थको निर्णयलाई मान्यता दिइने र कार्यान्वयन गर्नुपर्ने अवस्थामा कार्यान्वयन पनि गर्नुपर्ने हुन्छ। तर विदेशी मध्यस्थले गरेको निर्णयलाई अर्को मुलुकमा सदर वा बदर गर्ने कार्य गरिँदैन। विदेशी मुलुकको अदालतको निर्णय वा विदेशी मध्यस्थको निर्णयलाई सदर वा बदर गर्ने अधिकार अर्को मुलुकको अदालतलाई प्राप्त हुन सक्तैन। विदेशी मध्यस्थको निर्णयले मान्यता प्राप्त गर्न सक्ने, नसक्ने वा सो निर्णयको कार्यान्वयन हुन सक्ने नसक्ने भन्ने पश्नको निरुपण गर्ने विषयमात्र यस अदालतको अधिकारक्षेत्रभित्र पर्दछ। विदेशी मध्यस्थको निर्णयको हकमा मध्यस्थता ऐन, २०५५ को दफा ३४ बमोजिम निवेदन परिसकेको अवस्थामा यस अदालतले दफा ३४ को अधिकारक्षेत्रको अभ्यास गर्ने हो, दफा ३० को अधिकारक्षेत्र ग्रहण गर्ने अख्तियारी यस अदालतलाई प्राप्त हुन सक्तैन। विदेशी मध्यस्थको निर्णयको हकमा दफा ३० आकर्षित गर्नु वा सो निर्णय बदर गर्नु भनेको मध्यस्थता ऐन, २०५५ को समग्र व्यवस्था विपरित मात्र होइन मध्यस्थता सम्बन्धी मान्यता, स्थापित सिद्धान्तको समेत प्रतिकूल हुने भएकोले निवेदनको विषयवस्तुमा प्रवेश गरिरहन नै नमिल्ने हुँदा अधिकारक्षेत्रको अभाबमा निवेदन खारेजभागी रहेकोले निवेदकको दावी नपुग्ने गरी फैसला गरेको देखिन्छ।

**सार्वजनिक हितको सम्बन्धमा भएको व्याख्या**

मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (३) को खण्ड (ख) मा मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुने भएमा सो निर्णय बदर गर्न सकिने कानूनी व्यवस्था रहेको छ।तर सो कानूनले सार्वजनिक नीतिको परिभाषा गरेको पाइदैंन।कामख्या डिजिटल केवल नेटवर्क प्रा.लि. विरुद्ध सिम्पल मिडिया नेटवर्क प्रा.लिको मध्यस्थ निर्णय बदर मुद्दा(०७७-FJ-०१५६)मा यस अदालतबाट सार्वजनिक हित वा नीतिको सम्बन्धमा भएको व्याख्याका मुख्य बुँदाहरु यसप्रकार रहेका छन्:

- मध्यस्थताका सन्दर्भमा सार्वजनिक नीतिको बृहत्त अवधारणामा मध्यस्थताबाट निर्णय गर्दा ब्यापक रुपमा अनियमितता भएको तथा मध्यस्थको आचरणको गम्भीर उल्लंघन भएको छ र त्यसले निवेदकलाई चरम

अन्याय भएको छ भने त्यस अवस्थामा मध्यस्थताको निर्णय सार्वजनिक नीतिको परिधिभित्र परी अदालतबाट हस्तक्षेप गर्ने आधार बन्ने र मध्यस्थताको निर्णय अदालतले सच्याउन सकिने मानिन्छ।

- मध्यस्थताको सन्दर्भमा सार्वजनिक नीतिमा प्राकृतिक न्यायको सिद्धान्त, स्वच्छ सुनुवाइका मान्यता र कानूनको उचित प्रकृयाको पालना जस्ता कार्यविधिगत सार्वजनिक नीति पनि महत्वपूर्ण मानिन्छ। मध्यस्थताका सन्दर्भमा सारवान सार्वजनिक नीति (Substantive public policy) र कार्यविधिगत सार्वजनिक नीतिका (Procedural public policy) आधारमा अदालतले मध्यस्थताको निर्णय सीमित अवस्थामा परीक्षण गर्नुपर्ने हुन सक्छ । सारवान सार्वजनिक नीतिमा निर्णयको विषयबस्तुले राज्यका आधारभूत कानून र सिद्धान्तको उल्लंघन गरेको छ छैन जस्ता कुरा हेरिन्छ। कार्यविधिगत सार्वजनिक नीतिमा कानूनको उचित पालना (due process) सुनुवाईको अधिकारको पालना ( the right to be heard), मध्यस्थताको स्वतन्त्रता (independence of arbitrators) र मध्यस्थको कारबाहीमा धोखाघडी र भ्रष्टाचारजन्य कार्य नभएको (the absence of procedural fraud or corruption in the arbitral process) लगायतका कार्यविधिगत नियमका आधारभूत कुराहरूको उल्लंघन भए नभएको हेरिन्छ।
- यसरी मध्यस्थले निर्णय गर्दा अनिवार्य रुपमा पालना गर्नुपर्ने सारवान सार्वजनिक नीति प्रतिकूल वा प्राकृतिक न्यायका सिद्धान्त लगायत न्यायका मान्य सिद्धान्तको पालना नगरेको वा कानूनको उचित प्रयोग तथा स्वच्छ सुनुवाईका मान्यताको उल्लंघन गरेको वा भ्रष्टाचारजन्य कार्य वा मध्यस्थको आचरण प्रतिकुल वा अन्य यस्तै अनियमितताजन्य कार्य वा न्याय र नैतिकता प्रतिकुल हुने गरी भएका कार्यहरू सार्वजनिक हित र नीति विरुद्धको परिधिभित्र पर्न सक्छन् । यस्ता अवस्थाको विद्यमानताको सीमित अवस्थामा सार्वजनिक हित र नीति विरुद्ध निर्णय भएको भन्ने आधारमा यस अदालतबाट मध्यस्थताको निर्णयमा हस्तक्षेप गर्नुपर्ने अवस्था हुनसक्छ । तर, सार्वजनिक नीति वा हित विरुद्ध रहेको भन्ने आधार र कारण स्पष्ट रुपमा सो जिकिर लिने निवेदकले पुष्टि र स्थापित गराउनुपर्ने हुन्छ।
- नेपाल सरकार पक्ष रहेको मध्यस्थता मुद्दाहरूमा सरकारी पक्षले राज्यलाई आर्थिक रुपमा नोक्सान भएकोले उक्त कुरा सार्वजनिक हितको प्रतिकूल रहेको भनी मुख्य जिकिर लिएको देखिन्छ। तर यस अदालतबाट भएका व्याख्याहरूलाई अवलोकन गर्दा, मध्यस्थको निर्णयबाट राज्य कोषमा व्ययभार हुने भन्दैमा सो आधारमा मात्र उक्त निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल रहेको मान्न मिल्ने देखिदैंन।

## निष्कर्ष

उच्च अदालत पाटनले यस अदालतमा दर्ता भएका मध्यस्थसम्बन्धी मुद्दाहरूलाई मध्यस्थता ऐनको मर्मबमोजिम छिटो, छरितो, कम खर्चिलो र झन्झटिलो तरिकाले निरुपण गर्ने सकारात्मक प्रयास गरिरहेको छ। तथापि केही मध्यस्थका मुद्दाहरूलाई अदालतबाट निरुपण गरिने अन्य मुद्दा सरह सुनुवाइ गरेका कारण त्यस्ता निवेदनहरु किनारामा ढिलाई भएको देखिन्छ। सम्बन्धित कागज प्रमाण र अन्य प्रक्रिया पुऱ्याउन नै लामो समय लागेको कारण मध्यस्थसम्बन्धी निवेदनहरु किनारा हुन ढिलाइ हुनुको मुख्य कारणको रुपमा देखिन आएको छ। कतिपय निवेदनहरु मध्यस्थबाट भएका निर्णय बदरका लागि सफा हात लिई अदालतमा नआई मध्यस्थको निर्णय

कार्यान्वयनमा ढिलाई गरी अर्को पक्षलाई दुःख हैरानी दिने उद्देश्यले समेत मुद्दा दायर गरेको पनि देखिएको छ। तसर्थ, अदालतले यस्ता अवस्थाहरूसमेतलाई विचार गरी मध्यस्थताको मर्म अनुरुपसुनुवाइ प्रक्रियालाई औपचारिक, छोटो, छिटो र सरल बनाउनुपर्दछ। अदालतमा मध्यस्थ निर्णय बदरका लागि आउने मुद्दाहरू प्रायः व्यावसायिक विवादहरूसँग सम्बन्धित रहेको देखिन्छ। नेपाल सरकार पक्ष रहेका थुप्रै मुद्दाहरू पनि अदालतमा आएको देखिन्छ। मध्यस्थबाट निर्णय हुँदा कतिपय अवस्थामा नेपाल सरकार माथि थप आर्थिक भार पर्ने गरी निर्णय भएको हुन्छ र सो निर्णय उपर सरकारको तर्फबाट अदालतमा पुनरावेदन परेको हुन्छ। मध्यस्थको निर्णय उपर अदालतको सीमित अधिकार रहेकोले उक्त निर्णय गर्दा मध्यस्थबाट प्रकृयागत वा कानूनी त्रुटि भएको छ/छैन भन्ने मात्र हेरिन्छ र बदर भएपनि पुनः मध्यस्थहरूबाट नै विवाद निरुपणका लागि पठाइन्छ। मध्यस्थको निर्णय उपर कतिपय अवस्थामा ऐनले दिएको सीमाभन्दा बाहिर गई निर्णय पुनरावलोकन भएको भन्ने टिप्पणी हुने गरेको छ भने कतिपय अवस्थामा मध्यस्थले ऐनले दिएको जिम्मेवारी बमोजिम न्यायिक भूमिका निर्वाह गर्दा सन्तुलन काम गर्न नसकेको भनी टिप्पणी हुने गरेको पनि पाइन्छ। यस्ता टिप्पणले मध्यस्थ र अदालतका काम कारवाहीलाई अझ बढी सचेततापूर्वक काम गर्नका लागि रचनात्मक योगदान पुर्याएको मानी कार्य सम्पादन गर्दाविचार पुऱ्याउनु पर्ने देखिन्छ। विश्वव्यापीकरणको समयमा विभिन्न अन्तर्राष्ट्रिय व्यवसायीहरूले पनि नेपालमा लगानी गर्ने प्रवृत्ति बढिरहेको अवस्था छ। यस अवस्थामा मध्यस्थता सम्बन्धी कानूनलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गरी मध्यस्थताको प्रकृयालाई अझ सबल बनाउनुपर्दछ।

## मुद्दाको तथ्याङ्कगत विवरण

### अदालतहरूको मुद्दाकोलगत, फछ्र्यौट र बाँकीको विवरण

### (२०८१ साल साउन मसान्तसम्म)

| सि.नं. | अदालत | लगत | | | फछ्र्यौट | प्रतिशत | बाँकी | बाँकी मध्येका २ वर्षनाघेका |
|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ | जम्मा लगत | | | | |
| १ | उच्च अदालत पाटन | ५१६२ | १२४९ | ६४११ | ६७३ | १०.५०% | ५७३८ | ३२ |
| २ | उच्च अदालत पाटन हेटौंडा इजलास | ३७४ | १९४ | ५६८ | ८१ | १४.२६% | ४८७ | ० |
| ३ | काठमाडौं जिल्ला | २६४८८ | २२६९ | २८७५७ | १३४८ | ४.६९% | २७४०९ | १७७२ |
| ४ | भक्तपुर जिल्ला | ३९१९ | ४०३ | ४३२२ | २०३ | ४.७०% | ४११९ | २८२ |
| ५ | ललितपुर जिल्ला | ३५१८ | ४५१ | ३९६९ | १७६ | ४.४३% | ३७९३ | १७ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला | १३५७ | २३१ | १५८८ | ९५ | ५.९८% | १४९३ | २१ |
| ७ | सिन्धुपाल्चोक जिल्ला | २६० | ९९ | ३५९ | ४२ | ११.७०% | ३१७ | ० |
| ८ | दोलखा जिल्ला | २०१ | ३३ | २३४ | १६ | ६.८४% | २१८ | ० |
| ९ | रसुवा जिल्ला अदालत | २७ | १२ | ३९ | ५ | १२.८२% | ३४ | ० |
| १० | रामेछाप जिल्ला | १३१ | ३३ | १६४ | ३ | १.८३% | १६१ | ० |
| ११ | नुवाकोट जिल्ला | २५५ | ६७ | ३२२ | २८ | ८.७०% | २९४ | २ |
| १२ | धादिङ जिल्ला | ५३१ | ६९ | ६०० | ८१ | १३.५०% | ५१९ | ८९ |
| १३ | सिन्धुली जिल्ला | ६५९ | १०४ | ७६३ | ४३ | ५.६४% | ७२० | ८९ |
| १४ | चितवनजिल्ला अदालत | १९५० | ४८६ | २४३६ | २३२ | ९.५२% | २२०४ | ० |
| १५ | मकवानपुर जिल्ला | १५९७ | २३३ | १८३० | ११९ | ६.५०% | १७११ | २२ |

## विविध

**न्यायाधीशहरूको नियुक्ति/ सरुवा/ अवकास**

न्याय परिषदको मिति २०८१।०४।१५को निर्णयले उच्च अदालत पाटनबाट सरुवा भएर जाने न्यायाधीशहरूको विवरण यसप्रकार रहेको छ:

| सि नं | नाम | सरुवा भएको अदालत |
|---|---|---|
| १ | माननीय न्यायाधीश श्री धीरबहादुर चन्द | उच्च अदालत जनकपुर, राजविराज इजलास |
| २ | माननीय न्यायाधीश श्री  जनक पाण्डे | उच्च अदालत सुर्खेत |
| ३ | माननीय न्यायाधीश श्री श्यामजी प्रधान | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ४ | माननीय न्यायाधीश श्री ध्रुवराज नन्द | उच्च अदालत विराटनगर |
| ५ | माननीय न्यायाधीश श्री हरिप्रसाद पौडेल | उच्च अदालत जनकपुर अस्थायी इजलास विरगंज |
| ६ | माननीय न्यायाधीश श्री राज्यलक्ष्मी बज्राचार्य | उच्च अदालत विराटनगर |
| ७. | माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डे | उच्च अदालत पोखरा |
| ८. | माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारी | उच्च अदालत तुलसीपुर बुटवल इजलास |

माननीय न्यायाधीशहरु श्री धीर बहादुर चन्दलाई उच्च अदालत विराटनगर ओखलढुंगा इजलासमा काज सरुवा गरिएको छ भने माननीय न्यायाधीश श्री जनक पाण्डेलाई श्रम अदालतको अध्यक्ष ताकिएको छ।

न्याय परिषदको मिति २०८१।०४।१५को निर्णयले उच्च अदालत पाटनमा सरुवा भई आउने न्यायाधीशहरूको विवरण यसप्रकार रहेको छ:

| सि नं | नाम | सरुवा हुनु पूर्वको अदालत |
|---|---|---|
| १ | माननीय न्यायाधीश श्री लेखनाथ पौडेल | उच्च अदालत विराटनगर ओखलढुंगा इजलास,<br>काज उच्च अदालत पाटन |
| २ | माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङ | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ३ | माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी | उच्च अदालत विराटनगर इलाम इजलास |
| ४ | माननीय न्यायाधीश श्री रामेश्वर रेग्मी | उच्च अदालत सुर्खेत, काज: उच्च अदालत पाटन |
| ५ | माननीय न्यायाधीश श्री हरिश्चन्द्र ढुंगाना | उच्च अदालत जनकपुर अस्थायी इजलास विरगंज |
| ६ | माननीय न्यायाधीश श्री खडानन्द तिवारी | उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगंज |
| ७ | माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुली | उच्च अदालत तुलसीपुर, बुटवल इजलास हाल<br>काज: उच्च अदालत पाटन |

उल्लिखित सरुवा पश्चात सर्वोच्च अदालतबाट यस अदालतमा सरुवा हुनु भएका माननीय न्यायाधीश श्री हरिश्चन्द्र ढुंगानालाई उच्च अदालत जनकपुर वीरगञ्ज इजलासमा नै काज खटाइएको छ।उच्च अदालत दिपायलबाट माननीय न्यायाधीश श्री डालकुमार खड्का यस अदालतमा काज सरुवा हुनु भएको छ।

सर्वोच्च अदालतको मिति २०८१।०४।०९ को निर्णयानुसार उच्च अदालत पाटनमा आउने/जाने रजिष्ट्रारको नामावली

काज/सरुवा भएर जाने रजिष्ट्रारको नामावली

| सि नं | नाम | काज/सरुवा भएको अदालत |
|---|---|---|
| १ | रजिष्ट्रार श्री मानबहादुर कार्की | सर्वोच्च अदालत |

काज/सरुवा भएर आउने रजिष्ट्रारको नामावली

| सि नं | नाम | काज/सरुवा हुनु पूर्वको अदालत |
|---|---|---|
| १ | रजिष्ट्रार श्री श्रीलाल पौडेल | सर्वोच्च अदालत |

## माननीय न्यायाधीश रेग्मीको निधन



उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री रामेश्वर रेग्मीको मिति २०८०।०४।३० मा असामयिक निधन भयो। वि.सं.२०२०।११।१० मा पर्वत जिल्लामा जन्मनु भएका स्व. रेग्मी वि.सं. २०५२।०८।२४ मा नेपाल न्यायसेवा, न्याय समूहको रा.प. तृतीय श्रेणीको शाखा अधिकृत पदबाट सेवामा प्रवेश गर्नुभएको थियो। वि.सं.२०६५।११।३० मा न्याय सेवाको उपसचिव (रा.प. द्वितीय श्रेणी) पदमा र मिति २०७१।०९।१५ मा न्याय सेवाको सहसचिव (रा.प.प्रथम श्रेणी) पदमा नियुक्ति हुनुभएको थियो। मिति २०७७।१२।०२ गते उच्च अदालतको न्यायाधीश पदमा सिफारिस भई मिति २०८०।११।०३ देखि यस अदालतको न्यायाधीश पदमा कार्यरत रहेकै अवस्थामा ६० वर्ष ५ महिनाको उमेरमा उहाँको असामयिक निधन भएको हो। स्व. रेग्मीको निधनमा उच्च अदालत पाटनमा मिति २०८१।४।३१ गते शोकसभा आयोजना गरिनुका साथै सो दिन बागमती प्रदेशभरका जिल्ला तथा उच्च अदालतहरूमा शोक विदा दिइएको थियो।

## लेख उपलव्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा उपलव्ध गराई दिनु हुन उच्च अदालत पाटन र मातहतका अदालतहरूमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूमा हार्दिक अनुरोध छ।

| इ-बुलेटिन प्रकाशन समिति | |
|---|---|
| श्यामकुमार भट्टराई,न्यायाधीश | संयोजक |
| ब्रजेश प्याकुरेल,न्यायाधीश | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल,न्यायाधीश | सदस्य |
| श्रीलाल पौडेल,रजिष्ट्रार | सदस्य |
| गिरीराज भण्डारी, शाखा अधिकृत | सदस्य |
| अनितनाथ कायस्थ,सूचना प्रविधि अधिकृत | सदस्य |

| इ-बुलेटिन सम्पादन समिति |
|---|
| शाखा अधिकृत इन्दु पाण्डे |
| शाखा अधिकृत गिरीराज भण्डारी |
| शाखा अधिकृत लोकचन ढकाल |
| शाखा अधिकृत मोनिका चौधरी |
| शाखा अधिकृत हृदयचन्द्र राई |